# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः १९, पौष २५ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।९।२२

व्यास नगरपालिकाको व्यास नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | कार्यविधिको दफा २८. **प्रोत्साहन पुरस्कारको व्यवस्थाः** कार्यालयले न्यायिक समितिको सिफारिसमा मेलमिलाप कार्यक्रममा उल्लेखनीय योगदान दिने मेलमिलाप केन्द्र, संघसंस्था तथा मेलमिलापकर्तालाई उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ । | **मेलमिलापकर्ताको यातायात तथा चिया खर्च सम्बन्धी व्यवस्थाः**<br>(१) यस कार्यविधि बमोजिम वडास्तरमा दर्ता भई न्यायिक समितिमा पेश भएका विवादहरू सूचीकृत मेलमिलापकर्ताद्वारा मेलमिलाप प्रक्रिया मार्फत सफलतापूर्वक समाधान भएको अवस्थामा सम्बन्धित मेलमिलापकर्तालाई यातायात तथा चिया खर्च उपलब्ध गराइनेछ ।<br>(२) उपदफा (१) बमोजिमको यातायात खर्च :<br>(क) प्रति मुद्दा बढीमा तीन पटकसम्म मात्र छलफल गर्न सकिने, |

| सि.नं. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| | | (ख) एउटा मुद्दामा बढीमा ३ जना मेलमिलापकर्ताहरु रहन सकिने,<br>(ग) प्रति पटक प्रति मेलमिलापकर्ता रू.५००। (अक्षरेपी पाँच सय रुपैयाँ मात्र) का दरले उपलब्ध गराइनेछ ।<br>(३) मेलमिलाप सफल भएको प्रत्येक मुद्दाको मिलापत्र सहितको मिसिल तथा बैठकको प्रतिलिपि सम्बन्धित मेलमिलापकर्ताले न्यायिक समितिमा अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम पेश भएका मिसिलहरू न्यायिक समितिले रुजु गरी कार्यविधि बमोजिम भएको देखिएमा यातायात खर्च उपलब्ध गराउन सिफारिस गर्नेछ ।<br>(५) उपदफा (४) बमोजिम सिफारिस भएका यातायात खर्च प्रत्येक तीन तीन महिनामा एकै पटक एकमुष्ट रूपमा भुक्तानी गरिनेछ ।<br>(६) कार्यविधि विपरीत भएको, अपूर्ण कागजात पेश भएको वा मेलमिलाप प्रक्रिया शंकास्पद देखिएमा न्यायिक समितिले कारण खुलाई यातायात खर्च रोक्का वा फिर्ता गर्न सक्नेछ । |

**आज्ञाले**

**(सुकदेव लम्साल)**

**प्रमुख प्रशासकीय अधिकृत**